श्री

# नवलपुर जिल्ला अदालत,

## कावासोती, नवलपरासी (व.सु.पुर्व)

(प्रशासन शाखा)

पत्र. संख्या ०७७/०७८
चलानी नं. १६६२

## सूचना ! सूचना !! सूचना !!!

विषयः- मेलमिलापकर्ताको रुपमा सुचिकृत हुने तथा सूची अध्यावधिक गर्ने सम्बन्धमा।
सूचना प्रकाशित मिति २०७७।०८।१७

मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ५ र ९ तथा जिल्ला अदालत प्रेषित मेलमिलाप निर्देशिका, २०७५ को नियम ६ र १० बमोजिम यस अदालतमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचीकृत गराउन चाहने मेलमिलापसम्बन्धी तालिम प्राप्त गरेका व्यक्ति वा मेलमिलाप परिषदबाट स्वीकृती प्राप्त गरेका मेलमिलापसम्बन्धी कार्य गर्ने संस्था तथा सूचीकृत भएका मेलमिलापकर्ताले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र अद्यावधिकको लागि निम्नानुसारको विवरण सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

***संलग्न हुनुपर्ने कागजातहरु:***

- नेपाली नागरिकताको प्रतिलिपी।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।
- मेलमिलापसम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी।
- मेलमिलाप परिषदबाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपी।
- मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
- व्यक्तिको हकमा पासपोर्ट साईजको फोटो-२ प्रति।

नोटः निवेदन फाराम http://www.supremecourt.gov.np/court/nawalpurdc मा राखिएको छ। अन्य जानकारीको लागि यस अदालतको सूचना कक्ष वा ने.स.प. श्री सचिन्द्र सापकोटा (मो.नं. ९८६११९७३६५) सँग सम्पर्क राख्नूहोला।